# शिक्षकहरूको निम्ति तीन दिवसीय अभिमुखीकरण कार्यक्रम

**बुर्तुक, १८ मार्चः** स्कूलमा स्मार्ट क्लासरूमहरूलाई प्रयोगमा ल्याउने विषयलाई लिएर आईसीटीमाथि शिक्षकहरूको निम्ति एससीईआरटी सिक्किममा आयोजन गरिएको तीन दिवसीय अभिमुखीकरण कार्यक्रम हिजो १७ मार्चको दिन समापन भयो। यो कार्यक्रम एससीईआरटीद्वारा लोवर बुर्तुकस्थित आफ्नो क्याम्पसमा गत १५ मार्चदेखि शुरु गरिएको थियो। कार्यसक्रममा डीआईईटी, गान्तोकका एक शिक्षण मण्डलीसहित चारै जिल्लाका प्राथमिक, स्नातक अनि आईसीटी शिक्षकहरूले भाग लिएका थिए। यो तीन दिवसीय कार्यक्रममा एसएमआईटीका प्राध्यापक रतिका प्रधान, प्रो. एएस चण्डेल, डा. मोहन पी प्रधान, डा. एएन शङ्कर, डा. मुथु पण्डियन, डा. मनिष सोनी अनि सिक्किम विश्वविद्यालयका डा. शैलेन्द्र साथै एसआईबीआईएन ग्रुपका राजेन्द्र मुखिया स्रोतवक्ताको रूपमा उपस्थित थिए।




प्रेस विज्ञप्तिअनुसार आईसीटीका विभिन्न पक्षहरूमा स्मार्ट क्लासरूमलाई प्रयोगमा ल्याउने विषयमा शिक्षकहरूलाई दक्ष बनाउनु नै प्रशिक्षण कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो। प्रशिक्षण कार्यक्रममा शिक्षकहरूलाई इन्टरनेट मार्फत ई-स्रोतको ज्ञान प्राप्त गर्नु मात्र होइन तर शिक्षण पद्धतिलाई विद्यार्थीहरूको निम्ति अझै प्रभावकारी, चाखलाग्दी, सहज एवं मनोरञ्जनात्मक बनाउन ई-स्रोतलाई आफ्नै आवश्यकता औ प्रयोग अनुकूलको ढाँचामा ल्याउने प्रविधिबारे पनि जानकारी दिलाइयो।

प्रशिक्षणको समापन कार्यक्रममा एससीईआरटीका निर्देशक रविन छेत्री, संयुक्त निर्देश एससीईआरटी सुर्की भोटिया, संयुक्त निर्देशक एसएसए सोनाम डोमा तोप्देन, अधिकारीवर्ग एवं एससीईआरटी शिक्षणमण्डलीका सदस्यहरू उपस्थित रहेको प्रेस बयानमा जनाइएको छ। समापन कार्यक्रमला सम्बोधन गर्दै निर्देशक डा. रबिन छेत्रीले वर्तमान समयमा परिवर्तनको साथमा द्रुत गतिमा अघि बढ़िरहेको प्रविधि औ नवीन संस्करणको साथमा आफूलाई अग्रसरित गर्न व्यक्तिगत अनि पेशागत स्तरको दैनिक जीवनमा आईसीटीलाई प्रयोगमा ल्याउन विशेष जोर दिए। उनले शिक्षकहरूलाई वर्तमान सूचना तथा सञ्चार प्रविधिमार्फत उपलब्ध भएका अवसरहरूलाई उचित ढंगमा प्रयोगमा ल्याउन प्रोत्साहित पनि गरे। यसरी नै कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा एससीईआरटी उप निर्देशक डा. शान्तिराम अधिकारीले प्रशिक्षणको समयमा प्राप्त भएका अनुभव र ज्ञानलाई आ-आफ्नो क्लासको समयमा व्यवहारिक रूपमा प्रयोगमा ल्याउने आग्रह गरे। कार्यक्रमको संयोजन उपनिर्देशक डा. शान्तिराम अधिकारीले गरेका थिए।

# विश्व जल संरक्षण दिवस पालन

**रम्फू, १८ मार्चः** विश्व जल संरक्षण दिवस पालन गर्दै टिकालाल निरौला उच्चतर माध्यमिक पाठशाला मध्य पाण्डामले दुई दिवसीय कार्यक्रम पाठशाला परिसरमा आयोजित गऱ्यो। हिजो पाठशालाका चार हाउसलाई दुई समूहमा विभाजित गरी शहरीकरण नै जल प्रदुषणका मुख्य विषयमाथि डिबेट प्रतियोगिता आयोजित गऱ्यो। शिक्षक टीएन शर्माद्वारा प्राप्त जानकारी अनुसार आज सोही विषयमा पाठशालाका विद्यार्थीहरूलाई लिएर सबैका हातमा प्लेकार्ड लिएर एक ऱ्यालीले पाण्डाम गाउँको परिक्रमा गऱ्यो। पाठशाला प्राचार्य श्रीमती एस शर्मा सहित शिक्षक-शिक्षिका, पाठशाला प्रबन्धन समितिका सदस्यगणहरूको उपस्थिति रहेको कार्यक्रमअन्तर्गत विद्यर्थीहरूद्वारा बनाएका हस्त निर्मित सामग्रीहरूको प्रदर्शनी पनि प्रमुख रहेको बताएका छन्।

# राष्ट्रिय नेपाली द्वैमासिक पत्रिका ‘हाम्रो बैकुण्ठपुर’ विमोचित



**सिलगढ़ी, १८ मार्चः** जलपाइगढ़ी सदर महकुमा डाबग्राम -१ अन्तर्गत खोलाचन्द फाप्रीबाट विकास तिम्सिनाद्वारा प्रकाशित एवं सम्पादित राष्ट्रिय नेपाली द्वैमासिक पत्रिका ‘हाम्रो बैकुण्ठपुर’ हिजो १७ मार्चको दिन विमोचन गरियो। सालुगढ़ास्थित राजफाप्रीमा पाँच दिनव्यापी विष्णुमहापुराणको मञ्चबाट पत्रिका विमोचन गरिएको एक प्रेस विज्ञप्तिमार्फत जानकारी गराइएको छ। महापुराणका कथा प्रवक्ता व्यासजी महाराज संजय दाहाल (संजु बाबा), उपव्यास सुरज सुवेदी, बद्री दाहाल, प्रवीण पराजुली, सूर्यप्रसाद पराजुली, विक्रम शास्त्री, कला देवकोटा, क्षेत्रप्रेम मुखिया, गजेन्द्रभूषण दाहाल, लक्ष्मीप्रसाद ढुंगाना आदिको बाहुलीबाट विमोचन गरिएको ‘हाम्रो वैकुण्ठपुर’ कार्यक्रममा पत्रिकाका सम्पादक एवं प्रकाशक विकास तिम्सिनाले कार्यक्रम संचालन गरेका थिए। कार्यक्रमको शुरुमा ‘हाम्रो वैकुण्ठपुर’ को तर्फबाट अतिथिहरूलाई खदा, माला लगाई सम्मान जनाइयो। पत्रिका विमोचन गरिएपश्चात कथाप्रवक्ता संजय दाहालले आफ्नो वक्तव्यको क्रममा भने, विकास तिम्सिनाद्वारा प्रकाशित ‘हाम्रो वैकुण्ठपुर’ ले समाजलाई दोहोऱ्याउने प्रयास भएको छ। अहिलेको समयमा नेपाली पत्रिकाहरूको अवस्था सोचनीय भए तापनि यस्तो विकट परिस्थितिमा द्वैमासिक रूपमा पत्रिका प्रकाशित गर्ने आँट गर्नु प्रशंसनीय छ। उनको यस कार्यलाई भगवान विष्णुको कृपा सधैं रहिरहोस्।

स्मरण रहोस्, हाम्रो वैकुण्ठपुर सरकारी रूपमा मान्यताप्राप्त पत्रिका हो। आगामी दिनमा निरन्तर द्वैमासिक रूपमा प्रकाशित हुने प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

# त्रिवेन्द्र सिंह रावत बने उत्तराखण्डका सीएम

**उत्तराखण्ड, १८ मार्च (हिस)।** मुख्यमन्त्रीको रूपमा त्रिवेन्द सिहं रावतले आज शपथ लिए। त्रिवेन्द्र सिहं रावतलाई राज्यपाल डा. के के




पालले मुख्यमन्त्री पदको शपथ दिलाए। यस अतिरिक्त क्याबिनेट मन्त्रीको रूपमा सतपालजी महाराज, प्रकाश पन्त, हरक सिहं रावत, मदन कौशिक, यशपाल आर्य, अरविन्द पाण्डेय, सुबोध उनियालले शपथ लिए। समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृह मन्त्री राजनाथ सिहं, बीजेपीका राष्ट्रिय़ अध्यक्ष अमित शाह र हरियाणाका मुख्यमन्त्री मनोहर लाल खट्टर, पूर्व मुख्यमन्त्री हरीश रावत, बीसी खण्डूड़ी, विजय बहुगुणा, भगत सिहं कोश्यारी, केन्द्रीय मन्त्री जेपी नड्डा, अजय टम्टा, राष्ट्रिय सह संगठन महामन्त्री शिवप्रकाश, संजीव बालियान मञ्चमा उपस्थित रहे। यस अतिरिक्त केन्द्रीय मन्त्री उमा भारती, राष्ट्रिय संगठन मन्त्री रामलाल, प्रदेश प्रभारी श्याम जाजू, प्रदेश संगठन मन्त्री संजय कुमार पनि मञ्चमा उपस्थित रहे। यस अतिरिक्त रेखा आर्य र धन सिहं रावतले पनि राज्य मन्त्री पदको शपथ लिए।

# जल संरक्षणबारे जागरूकता ऱ्याली



**रम्फू, १८ मार्चः** पश्चिम पाण्डाम निर्वाचन क्षेत्रअन्तर्गत रम्फूस्थित सरकारी उच्चतर माध्यमिक पाठशालाद्वारा आज विश्व जल दिवसको अवसरमा जल संरक्षणबारे जन-जनबीच जागरूकता फैलाउने उद्देश्यले एक जागरूकता ऱ्याली निकालियो। पाठशाला प्राचार्य डाक्टर हन्ना योञ्जन ,पाठशाला प्रबन्धन समिति सदस्य देवानन्द अग्रवाल र सीबी गुरुङसहित शिक्षक-शिक्षिकाहरूको उपस्थितिबीच पाठशालाका पाँच सयभन्दा अधिक विद्यार्थीहरूले सन्देशमूलक प्लेकार्ड हात-हातमा लिएर आइबीएम पम्पबाट ऱ्याली शुरु गर्दै फाटक लेन, मण्डी बजार,चेकपोस्ट र माथिल्लो बजारको परिक्रमा गर्दै पुनः आईबीएम पुगी समापन भयो। समाचार अनुसार पाठशालाद्वारा यस प्रकारको ऱ्याली प्रत्येक वर्ष आयोजन गर्ने गरिन्छ।

# अल्पसंख्यकहरूको निम्ति अन्तरराष्ट्रिय स्तरको ५ शिक्षण संस्थान खोलिनेः नकवी

**नयाँ दिल्ली, १८ मार्च (हिस)।** केन्द्रीय अल्पसंख्यक मामिलाहरूका राज्यमन्त्री मुख्तार अब्बास नकवीले भने, सरकारले अल्पसंख्यकहरूलाई उत्कृष्ठ पारम्परिक एवं आधुनिक शिक्षा उपलब्ध गराउन अन्तर्राष्ट्रिय स्तरको ५ शिक्षण संस्थानको स्थापना गर्न गईरहेछ।

देशभरिमा तकनीकी, मेडिकल, आयुर्वेद, यूनानी सहित विश्वस्तरीय कौशल विकासको शिक्षा प्रदान गर्ने संस्थानहरू स्थापित गरिनेछ। नकवीले शनिबार यहाँ मौलाना आजाद एजुकेशन फाउण्डेशनको ९४औं गभर्निङ बाडी र ५३औं जनरल बोडीको बैठकको अध्यक्षता गर्दै भने, एक उच्च स्तरीय कमेटी गठन गरिएको छ, जसले शिक्षण संस्थानहरूको रूपरेखा-स्थानहरू आदिबारे चर्चा गरिरहेछ र चाँड़ै नै आफ्नो विस्तृत रिपोर्ट पेश गर्नेछ। यस शिक्षण संस्थानले २०१८ देखि काम गर्नु शुरू गरोस् भन्ने हाम्रो प्रयास छ। यी शिक्षण संस्थानहरूमा ४० प्रतिशत आरक्षण केटीहरूको निम्ति गरिने प्रस्ताव छ। उनले भने, केन्द्र सरकारले यस पल्ट अल्पसंख्यक मन्त्रालयको बजटमा ठूलो वृद्धि गरेको छ। २०१७-१८ को निम्ति अल्पसंख्यक मन्त्रालयको बजट बढ़ाएर ४१९५.४८ करोड़ रूपियाँ गरिएको छ। यो पछिल्लो बजटको ३८२७.२५ करोड़ रूपियाँको तुलनामा ३८६.२३ करोड़ रूपियाँ (९.६ प्रतिशतको वृद्धि) अधिक छ। बजटमा बढ़ोतरीले अल्पसंख्यकहरूको सामाजिक-आर्थिक-शैक्षिक सशक्तिकरणमा मदद पुग्नेछ।

# नोटबन्दीपछि लगभग छह हजार करोड़ रुपियाँ जमा

**नयाँ दिल्ली, १८ मार्च (हिस)।** नोटबन्दीको पहिलो चरणमा आयकर विभागद्वारा कालो धन विरूद्ध अभियान चलाइएको थियो, जसमा ५० लाख अथवा त्यसभन्दा अधिक जमा गर्नेहरूमाथि नजर राखियो। नोटबन्दी भएदेखि विभागद्वारा ईमेल र एसएमएस यी जमाकर्ताहरूलाई पठाइएको थियो। कैश डिपोजिटमा ट्याक्सबाट लगभग ६००० करोड़ रूपियाँ जमा भयो। धेरै मानिसहरू सजायबाट जोगिनको निम्ति ट्याक्स दिन तयार भएका छन्। ओडिशा जस्ता गरीब राज्यहरूमा पनि हजारौं मानिसलाई यस्ता ईमेल र एमएसएस पठाइएको छ। कालो धन विरूद्ध बनाइएको एसआईटीका भाइस चेयरम्यान जस्टिस अरिजित पसायतले बताए, नोटबन्दीको घोषणा भएदेखि केन्द्रले अघोषित आयलाई लिएर यो कमेटी बनाएको थियो। अघोषित कैशमा ट्याक्सको माध्यमले अझ् पैसा जुटाउन सकिने उनले सम्भावना व्यक्त गरेका छन्। उल्लेख्य, ५०० र १००० का पुरानो नोट चलनदेखि बाहिर भएपछि ट्याक्स अधिकारीहरूले ती मानिसहरूले विवरण मागेका थिए, जसले एक मुश्त पैसा आफ्नो औं अन्यको अकाउन्टमा जमा गराएका थिए। तथापि, धेरै मानिस सजायदेखि जोगिनको निम्ति आफ्नो अघोषित आयरमा ६० प्रतिशत ट्याक्स पेनल्टी दिन तयार भएका छन्, जसलाई अहिले बढ़ाएर ७५ प्रतिशत गरिएको छ। एसआईटी चेयरम्यान जस्टिस एम.बी. शाहको साथ कालो धन विरूद्ध ईडी, सेन्ट्रल बोर्ड आफ डायरेक्ट ट्याक्स, सीबीआई र अन्य एजेन्सीहरूद्वारा चलाइएको अभियानको निगरानी गरिरहेका पसायतले भने, ट्याक्स अधिकारीहरूले अहिलेसम्म लगभग छह हजार करोड़ रूपियाँ एकत्र गरेका छन्।

# ताजमहलमा धम्कीपछि आगरामा दुई विस्फोट

**आगरा, १८ मार्च (हिस)।** कैंट क्षेत्रमा शनिबार बिहान दुई धमाका भयो। प्रत्यक्षदर्शीहरूले बताए, धमाका यति जोडदार थियो, आधा किलोमीटर टाढ़ा स्थित मस्जिदमा रहेका मानिसहरू पनि धमाकाको आवाज सुनेर घटनास्थल पुगे। पुलिसले शहरको सुरक्षा व्यवस्था बढ़ाएको छ। आगरा क्यान्ट स्टेशन परिसरबाट शनिबार बिहान सफाई कर्मीहरूले फोहोर उठाइरहेका थिए।

फोहोर उठाउन ट्रेक्टर ट्रोली छेवैमा खड़ा थियो। फोहोर उठाएको समय यो धमाका भयो। प्रत्यक्षदर्शीहरूले बताए, धमाकाको आवाजले हो-हल्ला मच्चियो। यसको केही बेरपछि अझ् एउटा धमाका भयो, यो धमाका स्टेशन समीप स्थित घऱ्को छप्परमा भएको बताइँको छ। यो घर अशोक कुमारको बताइएको छ। धमाकाको सूचनापछि पुलिस प्रशासनमा खलबली मच्चियो। डीआईजी महेश मिश्र घटनास्थल पुगे। उनको साथ बम डिस्पोजल स्काडको टीम र फोरेन्सिक टीम पनि घटनास्थल पुग्यो औं जाँच शुरू गऱ्यो। डीआईजी महेश मिश्रले बताए, दुई वटा धमाका भएका छन्, पहिलो धमाका अशोक कुमारको घरको छप्परमा भयो। त्यही दोस्रो धमाका फोहोर उठाइरहेको ट्रेक्टर ट्रोली समीप भयो। ट्रोलीको टायर पंक्चर भयो। तथापि, यी धमाकाहरूको इन्टेनसिटी धेरै कम थियो औं यसमा कोही घाइते भएन। तर आईएसआईएसको धमकीपछि भईऱ्हेको घटनाले रेलवे पुलिस र स्थानीय पुलिस सतर्क भएको छ। त्यही, डीआईजीले यस घटनालाई शुक्रबार राति माण्डईमा भएको घटनासित जोड्न चाहेनन्। ज्ञात होस्, शुक्रबार राति एक रेल गाड़ीको लीकमा भारी ढुंगा लगाएर त्यसलाई पल्टाउने प्रयास गरिएको थियो। डीआईजी महेश मिश्राले यसको जाँच जारी रहेको जनाए।

# नशालु पदार्थको ओसार-पसार र व्यापार बढ्दो

**घूम, १८ मार्चः** अहिलेघरि दार्जीलिङ क्षेत्र वरिपरि नशालु पदार्थको ओसार-पसार र व्यापार निकै बढ़दै गइरहेको छ। केही दिनअघि यहाँ जोरबंगलो पुलिसको सक्रियताले तीन माइल क्षेत्रबाट व्यापक मात्रामा नशालु पदार्थ बोकेको वाहन, चालक सहित पक्रा परेको थियो। यसै विषयलाई ध्यानमा राखी अहिलेघरि घूम जोरबंगलो पुलिस दलले स्थानीय क्षेत्र वरिपरि गश्ती लगाई ओहोर-दोहोर गर्ने वाहनहरूलाई जाँच गर्ने काम गरिरहेको छ। आफ्नो क्षेत्रका युवावर्गलाई गैर कानुनी काम गर्न र नशालु पदार्थको कुलतदेखि बचाउने उद्देश्यले यस्तो पाइला



चालेको पुलिस प्रशासनको भनाई छ। यस्तो कार्यमा वाहन चालक र त्यसमा यात्री गरिरहेका यात्रीहरूले पनि दिक्क नमानी प्रशासनको कार्यमा सहयोग पुऱ्याउनुपर्ने प्रशासनको भनाई रहेको छ।

# आयकर विभागद्वारा २९ ट्याक्स डिफल्टर्सको सूची जारी

नयाँ दिल्ली, १८ मार्च (हिस)। आयकर विभागले देशका प्रमुख समाचारपत्रहरूमा २९ यस्ता मानिसहरू र संस्थाहरूको सूची जारी गरेको छ, जसमाथि लामो समयदेखि इनकम ट्याक्स बाकी छ औं ट्यास् तिरीरहेका छैनन्। शनिबार जारी यस सूचीमा यी ट्याक्स डिफाल्टर्सको नाम, ठेगाना, पैन-टीन नम्बर, कुन वर्षहरूको ट्याक्स बाकी छ सहित तमाम जानकारीहरू सार्वजनिक गरिएको छ। भारत सरकारको वित्त मन्त्रालय अन्तर्गत गरिएको यस कारबाहीद्वारा आयकर विभागले आयकर डिफाल्टर्सलाई यदि उनीहरूले ट्याक्स दिनमा लापरवाही अपनाए, उनीहरूको नाम पनि यसै गरी सार्वजनिक गरिने संकेत दिएको छ। आयकर विभाग मुताबिक, यी २९ आयकर डिफाल्टर्समाथि ४४८ करोड़ रूपियाँभन्दा अधिकको ट्याक्स बाकी छ। धेरै पल्ट नोटिस पठाएपनि यिनीहरू र संस्थाहरूले आयकरलाई बाकी ट्याक्स तिरीरहेका थिएनन्।

# रूल अफ ल इण्डेक्समा भारतको ऱ्याङ्किङमा सीजेआई चिन्तित

**नयाँ दिल्ली, १८ मार्च (हिस)।** चीफ जस्टिस जेएस खेहरले विश्वको रूल आफ ला इण्डेक्समा भारतको तल्लो ऱ्याङ्किङमा चिन्ता जाहेर गरेका छन्। उनले भने, न्यायिक प्राधिकारले सबैलाई न्याय सुनिश्चित गराउन काम गरोस्। ज्ञात होस्, ११३ देशमा भारतको ६६औं स्थान छ। नेशनल लीगल सर्विसेज अथोरिटीद्वारा आयोजित १५औं आल इण्डिया मीट आफ स्टेट लीगल सर्विसेज अथोरिटीजको कार्यक्रमको उद्घाटन गर्दै चीफ जस्टिसले भने, अभियुक्तहरूलाई कानूनी सहायता दिइन्छ तर पीड़ित यसबाट वञ्चित रहन्छन्। याकूब मेननलाई सुप्रीम कोर्टमा दुई पल्ट अवसर दिएकोमा चीफ जस्टिसले भने, भारत अनौठो देश हो। यहाँ जति ठूलो अपराधी हुन्छ त्यतिनै अधिक उसको कोर्टमा पहुँच हुन्छ। उनीहरूका उकील खड़ा हुन्छन् तर पीड़ितहरूको निम्ति कोही पनि खड़ा हुँदैन। उनले रेप पीड़ितहरू र एसिड अटैक पीड़ितहरूलाई लिएर चिन्ता जताउँदै वर्ष २०१७ लाई पीड़ितहरूको वर्षको रूपमा मनाउने वकालत गरे। ज्ञात होस्, दिल्लीको चाणक्यपुरीमा प्रवासी भारतीय केन्द्रमा १५औं आल इण्डिया मीट आफ स्टेट लीगल सर्विसेज अथोरिटीजको कार्यक्रमको आज शुरूआत भयो। यस अवसरमा केन्द्रीय विधि र न्याय राज्यमन्त्री पीपी चौधऱी, सुप्रीम कोर्टका जज जस्टिस दीपक मिश्रा र दिल्ली हाईकोर्टका चीफ जस्टिस जी रोहिणी बाहेक धेरै गणमान्य व्यक्ति उपस्थित थिए।

# न्यूनतम मजदूरीको फेसला नभएकोले चिया श्रमिकहरूमा हताशा

**चामुर्ची, १८ मार्च (हिस)।** चिया श्रमिकहरूको न्यूनतम मजदूरीलाई लिएर सरकार कुनै ठोस नतीजासम्म नपुगेको कारण चिया श्रमिकहरूमा हताशा छाएको छ। कांग्रेस समर्थित श्रमिक संगठन एनयूपीडब्ल्यूको केन्द्रीय कमेटकी अध्यक्ष मनी कुमार दर्नालले बताए, ३० मार्चमा चिया श्रमिकहरूको वेतन निर्धारणको अवधि समाप्त भईरहेछ तर सरकारद्वारा न्यूनतम वेतन निर्धारणको निम्ति गठित बोर्डको तीन पल्ट बैठक बसेपनि वेतनलाई लिएर सहमति बनेको छैन। १९४८ को न्यूनतम मजदूरी अधिनियम अन्तर्गत चिया श्रमिकहरूलाई न्यूनतम मजदूरी दिइनुपर्छ। त्यही सुप्रीम कोर्टले पनि सामाजिक लागतको आधारमा वेतनमान हो भनी विचार राखेको छ तर आजसम्म चिया श्रमिकहरूको न्यूनतम मजदूरीलाई लिएर ठोस पहल नगरिएको कारण चिया उद्योगसित जुड़ेका श्रमिक एवं कर्मचारी हताश छन्। चिया कमानमा राशनको व्यवस्था पनि चिया कमानको मालिकको हातमा नै दिइएको छ। यो राशन राष्ट्रिय खाद्य सुरक्षा अन्तर्गत पर्छ। पहिले राशन वेतनको हिस्सा थियो तर खाद्य सुरक्षा बिल अन्तर्गत राशन व्यवस्था मालिकको हातमा गएकोले वेतनको हिस्साको राशनको राशि ६३० रूपियाँ श्रमिकहरूको वेतनमा जोड़ेर दिइने पहललाई लिएर हाम्रो संगठनले बारम्बार आवाज उठाइरहेछ तर आजसम्म यो हुन सकेको छैन। उनले थप भने, जमीनको पट्टालाई लिएर पनि एनयूपीडब्लूयले लगातार आन्दोलन गरिरहेछ।

# ट्रम्पले मार्केलसित पनि उठाए फोन टेप मुद्दा

**वाशिङटन, १८ मार्च (हिस)।** ट्रम्पले जर्मन चान्सलर एन्जेला मार्केलको साथ आफ्नो पहिलो भेटमा फोन टैपिङलाई लिएर पूर्व राष्ट्रपति बराक ओबामामाथि हमला बोले। ह्वाइट हाउसमा जर्मन चान्सलरको साथ भेटपछि राष्ट्रपति ट्रम्पले भने, शायद हामी दुवैबीच केही समानता छ। हामी दुवैको फोन टैप गरियो। उल्लेख्य, ओबामाको कार्यकालमा अमेरिकी गुप्त एजेन्सीले कथित रूपमा जर्मन चान्सलर एन्जेला मार्केलको फोनको निगरानी गरेको थियो, जसबाट अमेरिकाको धेरै आलोचना भएको थियो। संयुक्त संवाददाता सम्मेलनमा जब ट्रम्पले फोन टैपिङलाई लिएर टिप्पणी गरे तब मार्केल मौन रहिन्। यस अघि डोनाल्ड ट्रम्प र जर्मन चान्सलरले नाटो सैन्य गठबन्धन र व्यापार समेत धेरै मुद्दाहरूमा चर्चा गरेका थिए। नाटोको निम्ति उपयुक्त हिस्सेदारीको भुगतान नगरेकोमा ट्रम्पले संयुक्त संवाददाता सम्मेलनमा पनि आफ्नो यूरोपीय मित्र देशलाई नाना थरी भने। तर मार्केलले फेरि एक पल्ट भनिन्, यूरोपीय मानिसहरूको भविष्य उनीहरूको हातमा हुनुपर्छ। जर्मनी यस मुद्दामा लागातर काम गर्न प्रतिबद्ध छ। यस अतिरिक्त धेरै अन्य मुद्दाहरूमा पनि दुवै देशका नेताहरूबीच स्पष्ट मतभेद नजर आय़ो। मुक्त व्यापार मुद्दामा पनि दुवै देशका नेताहरूको मतमा अधिक समानता देखिएन। एकातिर जहाँ ट्रम्पले स्वयंलाई पृथकतावादीको रूपमा पेश गर्दै दाबी गरे, मुक्त व्यापारको कारण उनको देशको घाटा बढ़ेको छ, त्यही मार्केलले यूरोपीय संघ र अमेरिकाबीच मुक्त व्यापार समझौतामा पुनः वार्ता शुरू हुने आशा व्यक्त गरिन्। यसैगरी मानवाधिकारलाई लिएर पनि दुवै नेताहरूको विचार बेग्ला-बेग्लै देखियो। ट्रम्पले आफ्नो बयानमा जहाँ अमेरिकी नागरिकहरूको सुरक्षालाई प्राथमिकता दिए, त्यही जर्मन चान्सलरले शरणार्थीहरूप्रति सकारात्मक रबैया अपनाइन्।

## अन्त्येष्टि क्रिया



जीतेन्द्र सिङको गत ८ मार्च २०१७ को दिन निधन भयो। उहाँको अन्त्येष्टि क्रिया आगामी २१ मार्च, २०१७ -को दिन मारवाडी धर्मशाला, सिङताम, पूर्व सिक्किममा अपरान्ह १ बजी सम्पन्न हुने भएकोले उहाँको आत्माको चिर शान्तिका प्रार्थना गरिदिनु हुन निवेदन गर्दछौं।

**विनीत**
**कुनाल सिङ, आशा सिङ, कुन्नु सिङ, जेपी सिङ,**
**साथै सम्पूर्ण शोकाकुल परिवार**
**सम्पर्कः 918348750526**